जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७२/०७३ सालको स.वा.फौ.मि.नं. ८/७२

दर्ता मिति :– २०७१/०१/२३

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.२०२, मिति :– २०७२/०५/२५

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**...१<br>निजको प्रमाणः<br>साक्षीः प्र.ना.नि. शिव गिरी | जिल्ला काभ्रेपलाञ्चोक श्यामपाटी गा.वि.स. वडा न. ७ घर भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा.वडा न. १५ स्वयम्भु बस्ने अम्बर बहादुर तामाङको छोरा बर्ष ४९ को **धन बहादुर तामाङ** .............१<br>जिल्ला उदयपुर पञ्चावती गा.वि.स. वडा न. ४ बुढाथोकीटार घर भई हाल काठमाण्डौ जिल्ला कपन गा.वि.स. वडा न. ३ साततल्ले बस्ने कर्ण बहादुर कार्कीको छोरी बर्ष २५ की **प्रमिला कार्की** ..................१<br>जिल्ला इलाम चुलाचुली गा.वि.स. वडा न. ८ आँपझोला घर भई हाल काठमाण्डौ जिल्ला कपन गा.वि.स. वडा न. ३ बस्ने फुर्वासिं तामाङको छोरी प्रेम कुमार वि.क.को श्रीमती बर्ष ३१ की **सुनमाया वि.क**.........१<br>जिल्ला सिन्धुपाल्चोक फुल्पीङकट्टी गा.वि.स. वडा न. ३ घर भई हाल काठमाण्डौ जिल्ला जोरपाटी गा.वि.स. वडा न. ३ नयाँबस्ती बस्ने छिरीङदोर्जे शेर्पाको छोरा **नवाङनुर्वु** भन्ने **ङानुर्पु शेर्पा** ....................१<br>जिल्ला धनुषा तुलसी गा.वि.स. वडा न. ३ माइती जिल्ला सिन्धुपाल्चोक फुल्पीङकट्टी गा.वि.स. वडा न ३ काठमाण्डौं जिल्लाजोरपाटी ३ बस्ने काठमाण्डौं जिल्ला टेकु घर भएका राजेन्द्र |

शाहीको पुर्व श्रीमती भिम बहादुर बुढाथोकीको नातीनी राम ब. बुढाथोकीको छोरी प्रतिवादी नवाङनुर्बु भन्ने ङानुर्बु शेर्पाको श्रीमती बर्ष ३३ की **जुना कुमारी शाही**...............................................१

निजहरूको प्रमाण

साक्षी : सागर तामाङ, राकेशकुमार कार्की, सहदेवकुमार खड्का, वौद्ध तामाङ्ग (राई)

कागज ...×....

यस कार्यालयबाट बुझेको प्रमाण...×....

**सम्वद्ध कानुनः** १) हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ५(१), २०(२), २०(३) र १६

२) प्रमाण ऐन, २०३१ को दफा ९ र २७

**अवलम्वित नजिर** : १.ने.का.प. २०६५, अंक-३, पृ.३२६,

२. ने.का.प. २०६६, श्रावण, पृ.५४९,

३. ने.का.प. २०६८, फाल्गुन, पृ.१८४० नि.नं. ८७१७, मितिः २०६८।४।२५)

४. ने.का.प. २०६९, फाल्गुन पृ.१६३२ नि.नं. ८९१२, मितिः २०६९।६।२८

५. ने.का.प. २०६७, कार्तिक, पृ.१११६

## तथ्य खण्ड

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

(१) मिति २०७०/१२/२८ गते काठमाण्डौं जिल्ला,का.म.न.पा. ६, वौद्ध स्थित पूर्वमा जोरपाटी तर्फ जाने सडक, पश्चिममा वौद्ध टुसाल आउने जाने सडक, उत्तरमा ग्रेस रेष्टुरेन्ट, दक्षिणमा नयाँबस्ती तर्फ जाने सडक यति चार किल्ला भित्र रहेको ग्रेस रेष्टुरेन्टको अगाडिको सडकमा शंकास्पद रूपमा फेला परेका धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको शरीर तलासी लिदा धनबहादुर तामाङ्गको साथबाट पेस्तोलको म्यग्जिन थान १, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ३, प्रमिला कार्कीको शरीर तलासी गर्दा निजले बोकेको लेडिज व्याग भित्र नगद ने.रू.५१,४००।-, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २, जुनाकुमारी शाहीको राहदानी थान १ र सुनमाया वि.क.को शरीर तलासी गर्दा निजले बोकेको लेडिज व्याग भित्र 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २ र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको शरीर तलासी गर्दा कम्मरको भागमा MADE IN USA लेखेको म्याग्जिन सहितको पेस्तोल थान १ लगायतका सामानहरू समेत लुकाई छिपाई राखेको अवस्थामा फेला परेको हुँदा उक्त हतियार गोली तथा

अन्य सामान सहित दाखिला गरेका छौं, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) *म नेपाल आर्मीमा जागिर खाई पेन्सनमा रिटायर्ड व्यक्ति हुँ । म संगै म्यानपावरमा काम गर्ने साथी प्रमिला कार्की हुन् । मेरो साथी अनिष पनि मलाई भेट्न आँउथे र उनले चाइनाबाट ६० किलो सुन आउदैछ, लुट्नु पर्छ, भागमा ३० किलो आउछ बराबरी बाड्नुपर्छ, सो को लागि पेस्तोल चाहियो भनेको र प्रमिलाले मेरो साथी सुनमाया वि.क.को मामा पर्ने नवाङ्ग नुर्वु शेर्पाको साथी डाइमण्डसँग हतियार र गोली छ भने पछि तीन लाख दिने सहमती भई उक्त हतियार र गोली हामीहरूले एक आपसमा बाँडी बोकी अनिषलाई पर्खीबसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले हामीहरूको शरीर खानतलासी गर्दा फेला पारी वरामद गरेको हो* भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(३) *मसँगै म्यानपावरमा काम गर्ने साथी धनबहादुर तामाङ्ग हुन् । उसको साथी अनिष श्रेष्ठ पनि उसलाई भेट्न आउथे र उनले चाइनाबाट ६० किलो सुन आउदैछ, लुट्नु पर्छ, भागमा ३० किलो आउछ, बराबरी बाड्नु पर्छ, सोको लागि पेस्तोल चाहियो भनेको र मैले मेरो साथी सुनमाया वि.क.को मामा पर्ने नवाङ्ग नुर्वु शेर्पाको साथी डाइमण्डसँग हतियार र गोली छ भने पछि तीन लाख दिने सहमती भई उक्त हतियार र गोली हामीहरूले एक आपसमा बाँडी बोकी अनिषलाई पर्खीबसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले हामीहरूको शरीर खानतलासी गर्दा फेला पारी वरामद गरेको हो* भन्ने समेत व्यहोराको प्रतिवादी प्रमिला कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) *प्रमिला कार्की साथी हुन् । उसको साथी अनिष श्रेष्ठले चाइनाबाट ६० किलो सुन आउदैछ, सो सुन लुट्नु पर्छ, भागमा ३० किलो आउछ, बराबरी बाड्नु पर्छ, सोको लागि पेस्तोल चाहियो भनेको र प्रमिलाले मलाई सो कुरा गरी मैले पहिला देखि नै माइजु भन्ने गरेकी जुनाकुमारी शाहीसँग सो कुरा गरेको र उसले डाइमण्डसँग हतियार छ भनेकीले नवाङ्ग नुर्वु शेर्पाको साथी डाइमण्डसँग नवाङ्ग नुर्वु शेर्पाले लिएको हतियार र गोली तीन लाख दिने सहमती भई हामीहरूले एक आपसमा बाँडी बोकी अनिषलाई पर्खीबसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले हामीहरूको शरीर खानतलासी गर्दा फेला पारी वरामद गरेको हो* भन्ने समेत व्यहोराको प्रतिवादी सुनमाया वि.क.ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) *सुनमाया वि.क.ले हतियारको कुरा मेरी श्रीमती जुनाकुमारी शाहीसँग गरेकी रहिछन् । मैले बेलुका कोठामा आए पछि सो काम नगरू भनी श्रीमतीलाई भन्दा सुनमायाले पटक/पटक श्रीमतीलाई फोन गरी मेरी श्रीमतीले डाइमण्ड भन्ने श्रवण उप्रेतीलाई फोन गरी हतियार खरिद गर्ने सहमती गरेकी, मैले डायमण्डलाई फोन गर्दा म बाहिर जान लागेकोले हतियार लिनु, रकमको कुरा श्रीमती जुनासँग गरेको छु*

*भने, मैले निज डाइमण्डबाट हतियार लिई म समेतका चार जना अनिषलाई सो हतियार दिन ग्रेस होटल अगाडि बसी रहेको अवस्थामा प्रहरीले हाम्रो शरीर खानतलासी लिदा हामीहरूले बाँडेर बोकी रहेको अवस्थामा पेस्तोल र गोलीहरू वरामद भएको हो* भन्ने समेत व्यहोराको प्रतिवादी नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(५) पक्राउ परेका प्रतिवादीहरू धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क.र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाबाट वरामद भएको MADE IN USA लेखेको म्याग्जिन सहितको पेस्तोल थान १, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ९ र खाली म्याग्जिन थान १ परीक्षणको लागि पठाइएको भन्ने समेत व्यहोराको परीक्षणको लागि लेखिएको पत्र ।

(६) प्रतिवादीहरूले प्रयोग गर्ने भनिएको मोवाइलको कल विवरण उपलव्ध गराउन लेखिएको पत्र ।

(७) मिति २०७०/१२/२८ गते काठमाण्डौं जिल्ला, का.म.न.पा. ६, वौद्ध स्थित ग्रेस रेष्टुरेण्ट अगाडि धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पा शंकास्पद रूपमा बसी रहेको अवस्थामा प्रहरी टोलीले निजहरूको खान तलासी लिंदा वरामदी मुचुल्कामा उल्लेखित पेस्तोल, गोलीहरू एवं नगद सहितका सामानहरू वरामद भएको हो । निजहरूले कुनै अनुमति नै नलिई उक्त हतियारहरू विक्री गर्न हिंडिरहेको अवस्थामा पक्राउ परेका हुन्, यसरी अवैध हतियार गोली ओसार पसार र विक्री गर्ने व्यक्तिहरूलाई हदैसम्म कारवाही होस् भन्ने समेत व्यहोराको मिलानको बुझिएका निमा लामा र नवाङ्ग शेर्पाले गरेको छुट्टाछुट्टै कागज ।

(८) महानगरीय प्रहरी वृत्त, वौद्ध, काठमाण्डौबाट अनुसन्धान भई मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट निज प्रतिवादीहरू धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पा समेतले चाइनाबाट आउने सुन लुट्ने प्रयोजनका लागि अवैध हतियार खरिद विक्री गर्ने, ओसार पसार गर्ने कार्य गरेको र एकसाथ पक्राउ समेत परेको देखिन आएको हुदा प्रतिवादीहरू धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पालाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसुरमा सोहि ऐनको दफा २० (२) र २०(३) बमोजिम सजाय गरी वरामद हातहतियार तथा खरखजाना र अन्य दशी सोही ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

(९) वरामदी मुचुल्कामा प्रहरीले मलाई डरत्रासमा पारी, डर धम्की दिई, कागजको व्यहोरा हेर्न पढ्न नदिई, सहिछाप गराएको हो, वरामदी मुचुल्कामा उल्लेख भएको पेस्तोलको म्याग्जिन-१ र गोली राउण्ड ३ मेरो साथबाट वरामद भएको कुरा पूर्णतः झुट्ठा हो । मोवाइल सम्म मलाई पक्राउ गरी सकेपछि खानतलासी गर्दा वरामद भएको हो ।

मलाई मिति २०७०।१२।२८ गते राती १२.०० बजे सुती रहेको अवस्थामा आफ्नै घर स्वयम्भुबाट प्रहरीले मलाई पक्राउ गरेको हो । मबाट कुनै अवैध हतियार बरामद भएको छैन । अनुसन्धान अधिकृत समक्ष मैले गरेको भनिएको वयानमा प्रहरीले जवर्जस्ती कागज हेर्न पढ्न नदिई पहिले देखी लेखी तयार पारेको कागजमा सहीछाप गर्न लगाएको हो भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर तामाङ्गले यस कार्यालयमा गरेको वयान ।

(१०) वरामदी मुचुल्कामा प्रहरीले डर त्रास देखाई जवर्जस्ती सहीछाप गराएको हो । २०७०।१२।२८ गते राती ८.०० बजे खाना खाई रहेको अवस्थामा घर कोठाबाट पक्राउ गरेको हो । पेस्तोल र गोली वरामद भएको कुरा झुट्ठा हो । अनुसन्धान अधिकृत समक्ष गरेको वयान मलाई डर त्रासमा पारी गराइएको हो भन्ने समेत व्यहोराको प्रतिवादी ङानुर्वु शेर्पाले यस कार्यालयमा गरेको वयान ।

(११) मेरो साथबाट प्रहरीले मोवाइल थान-१, सुनको सिक्री थान-१ र नगद रू.११००।- मात्र वरामद भएको हो । पेस्तोलको गोली राउण्ड २ वरामद भएको होइन । वरामदी मुचुल्कामा र वयानमा प्रहरीले डर त्रास देखाई सहीछाप गराएको हो भन्ने समेत व्यहोराको प्रतिवादी सुनमाया वि.क.ले यस कार्यालयम गरेको वयान ।

(१२) मेरो साथबाट नगद रू.५०३००।-, मोवाइल थान-१ र घडी थान-१ वरामद भएको हो । पेस्तोलको गोली राउण्ड-२ समेत वरामद भएको भनी गराएको वरामदी मुचुल्का र वयानमा मलाई डर त्रास देखाई सहीछाप गराएको हो भन्ने समेतको व्यहोराको प्रतिवादी प्रमिला कार्कीले यस कार्यालयमा गरेको वयान ।

(१३) यसमा प्रतिवादीहरूले वरामदी मुचुल्कामा उल्लेख भए अनुसारको हातहतियार खरखजाना आफुहरूबाट वरामद नभएको, आफुहरूले अभियोग पत्रको मागदावी अनुसार कसुर नगरेको भनी वयान गरेको भएता पनि मिसिल संलग्न वरामदी मुचुल्का, किटानी प्रहरी प्रतिवेदन, अनुसन्धान अधिकृत समक्ष मौकामा गरेको वयान, बुझिएका मानिस निमा लामा समेतले गरी दिएको कागज समेतका तत्काल प्राप्त कागज प्रमाणका आधारमा यी प्रतिवादी धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र ङानुर्वु शेर्पा समेतको आपसी सरसल्लाह मिलेमतो र संलग्नतामा वरामदी मुचुल्कामा उल्लेख भएको MADE IN USA लेखिएको पेस्तोल थान १, सो को म्यागिजन थान २ र गोली राउण्ड ९ विना इजाजत अवैध हातहतियार खरखजाना आफ्नो साथमा राखी, लिई हिंडी, विक्री गर्ने प्रयास समेत गरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) अनुसारको कसूर गरेका होइनन् भन्न सक्ने अवस्था अहिले नै नभएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादी धनबहादुर तामाङ्ग, प्रमिला कार्की, ङानुर्वु शेर्पा र सुनमाया वि.क.लाई हाततियार खरखजाना ऐन, २०१९ को दफा २४(क) र अ.वं.११८(३) बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु भन्ने यस कार्यालयको मिति २०७१/१/२५ को थुनछेक आदेश बमोजिम प्रतिवादीहरू थुनामा बसेका रहेछन् ।

१४. मिति २०७०।१२।२८ गतेको प्रहरी प्रतिवेदन र वरामदी मुचुल्काको सहीछाप र व्यहोरा म समेतको हो । उल्लेखित मुचुल्का अनुसार नै हातहतियार वरामद भएको हो । म समेतको प्रहरी टोली वरामद भएको स्थानमा पुग्दा पछि थाहा भए अनुसार हाल फरार रहेका डाइमण्ड भन्ने श्रवण उप्रेती समेत उक्त स्थानमा रहेछन् । प्रहरी पुगेको सुराक पाउने वित्तिकै निज डाइमण्ड उक्त स्थानबाट भागेछन् र पछि बुझ्दै अनुसार निज डाइमण्डले नै उक्त पेस्तोल ङानार्वु शेर्पालाई दिई भागेका रहेछन् । सशस्त्र प्रहरी संगठन छुट्टै निकाय भएको र अनुसन्धान गर्ने पाटो नेपाल प्रहरीको भएको हुनाले प्रहरी प्रतिवेदन नै सच्चा हो भन्ने समेत व्यहोराको जाहेरवाला प्र.ना.नि. शिव गिरीले यस कार्यालयमा गरेको वकपत्र ।

१५. निज धनबहादुर तामाङ्ग र मेरो गाउँ एउटै हो । निज त्यस्ता आपराधिक प्रवृत्तिका मानिस होइनन् । उनी आर्मीमा जागिर खाई पेन्सन लिई काठमाण्डौंमा रहेको मेनपावर कम्पनीमा जागिर खान्थे । एउटा भूतपूर्व राष्ट्रसेवकले कसरी हातहतियार खरखजाना बोक्ने अवैध कृयाकलाप गरे होलान् त । उनी निर्दोष छन् । अभियोग अनुसार सजाय हुनु पर्ने हैन भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर तामाङ्गका साक्षी सागर तामाङले यस कार्यालयमा गरेको वकपत्र ।

१६. निज प्रतिवादी प्रमिला कार्की असल चरित्रको मानिस हुन् । निज काठमाण्डौंमा रहेको मेनपावर कम्पनीमा प्राइभेट नोकरी गर्दथिन् । त्यस्तो आपराधिक कृयाकलापमा संलग्न भएको विषयमा कहिल्यै पनि जानकारी थिएन । गर्ने किसिमका मानिस पनि हैनन् । उनी निर्दोष छिन् । निजलाई अभियोग दावी अनुसार सजाँय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रमिला कार्कीका साक्षी राकेशकुमार कार्कीले यस कार्यालयमा गरेको वकपत्र ।

१७. निज प्रतिवादी सुनमाया वि.क. निजको पतिकै साथमा मेरो चावहिल स्थित घर नजिक भाडामा बस्ने गर्नु हुन्थ्यो । निजहरूको चालचलन गतिविधि राम्रो, असल तथा मिलनसार थियो । निज प्रतिवादी व्युटीपार्लरमा काम गर्ने गर्नु हुन्थ्यो । निजलाई अभियोग दावी अनुसार सजाय हुनु पर्ने होइन । उनी निर्दोष मानिस हुन् भन्ने समेत व्यहोराको प्रतिवादी सुनमाया वि.क. का साक्षी सहदेवकुमार खड्काले यस कार्यालयमा गरेको वकपत्र ।

१८. ङानुर्वु शेर्पालाई सशस्त्र प्रहरी आई सोधपुछ गर्नुछ भनी लगेका हुन् । उक्त मिति र समयमा निजबाट वरामदी मुचुल्कामा उल्लेख भएको कुनै हातहतियार खरखजाना वरामद भएको थिएन, छैन । हामी निजलाई प्रहरीले लैंजादा त्यही खाना खाई रहेका थियौं, निजलाई अभियोग दावी अनुसार सजाय हुनु पर्ने हैन भन्ने समेत व्यहोराको प्रतिवादी ङानुर्वु शेर्पाको साक्षी पुनम वौद्ध तामाङ्ग (राई)ले यस कार्यालयमा गरेको वकपत्र ।

१९. केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं.३८८९, मिति २०७१।०१।२५ को पत्रसाथ हतियार परीक्षण प्रतिवेदनमा निम्न व्यहोरा खुली आएको :

1. The article No.1 is a local made (Home Made) pistol through which 7.65mm callibre pistol cartridges can be fired. Its action mechanism is in working order. Its barrel showed sign of discharge (fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing can not be ascertained with scientific accuracy.
2. The Article no.2 is a magazine of 7.65mm calibre pistol like No.1.
3. The Article No.3 to Article No.11 are all (nine) live cartridges of 7.65mm calibre pistol and all of thesecan be fired through Article No.1.

२०. फरार प्रतिवादी जुनाकुमारी शाहीका नाउमा यस कार्यालयबाट जारी भएको म्याद मिति २०७१।६।१ मा निजकी एकाघरकी सासु लेन्जी शेर्पाले बुझी तामेल भइ आएको । उक्त म्याद मलुकी ऐन अ.बं. ११० नं. बमोजिम स्थानीय निकायको प्रतिनिधि रोहवरमा नराखी तामेल भई बेरीतको देखिएकाले सो म्याद बदर गरी पुनः म्याद जारी गर्दा सार्वजनिक स्थानमा टाँस भई तामेल भई आएकोमा निज प्रतिवादी उपस्थित नभइ शुरू म्याद नै गुजारी बसेको देखियो ।

## ठहर खण्ड

२१. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०/१२/२८ गते काठमाण्डौं जिल्ला, का.म.न.पा. ६, वौद्ध स्थित सडकमा धनबहादुर तामाङ्गको साथबाट पेस्तोलको म्यग्जिन थान १, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ३, प्रमिला कार्कीको साथबाट 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २, सुनमाया वि.क.को साथबाट 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २ र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको साथबाट MADE IN USA लेखेको म्याग्जिन सहितको पेस्तोल थान १ लगायतका सामानहरू वरामद भएकाले प्रतिवादीहरू नवाङनुर्वु भन्ने ङानुर्वु शेर्पा, धनबहादुर तामाङ, प्रमिला कार्की, सुनमाया वि.क. र हातहतियार खरखजाना राख्ने बोक्ने कार्यमा संलग्न रही फरार प्रतिवादी जुनाकुमारी शाहीलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी वरामद पेस्तोल, म्याग्जिन, गोली तथा अन्य दशी ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग माग दावी रहेछ ।

२२. यसमा यी प्रतिवादीहरूले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरूलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

२३. मिसिल संलग्न कागजातरू अध्ययन गरी प्रतिवादी सुनमाया वि.क.का तर्फबाट उपस्थित विद्धान अधिवक्तात्रय टेकनाथ मिश्र, तिलक बहादुर पाण्डे र खड्ग बहादुर राई, प्रतिवादी प्रमिला कुमारी कार्कीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्धय टेकनाथ मिश्र र शिवनारायण तिमिल्सिना, ङानुर्वु शेर्पाका तर्फबाट उपस्थित विद्धान अधिवक्तात्रय कमलमणी श्रेष्ठ, सुभाष लामिछाने, राजु प्रसाद धिमाल र धन बहादुर तामाङका तर्फबाट विद्धान अधिवक्ता सुभाष लामिछानेले गर्नु भएको वहस जिकिर सुनी विद्धान अधिवक्ता तिलक बहादुर पाण्डेले पेश गर्नु भएको वहस नोट समेत अध्ययन गरी अब निर्णयतर्फ बिचार गर्दा मिति २०७०/१२/२८ गते काठमाण्डौं जिल्ला, का.म.न.पा. ६ वौद्ध स्थित सडकमा शंकास्पद रूपमा फेला परेका धनबहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको शरीर तलासी लिंदा धनबहादुर तामाङ्गको साथबाट पेस्तोलको म्यग्जिन थान १, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ३, प्रमिला कार्कीको शरीर तलासी गर्दा निजले बोकेको लेडिज व्याग भित्र नगद ने.रू.५१,४००।-, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २, जुनाकुमारी शाहीको नामको राहदानी थान १ र सुनमाया वि.क.को शरीर तलासी गर्दा निजले बोकेको लेडिज व्याग भित्र 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २ र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको शरीर तलासी गर्दा कम्मरको भागमा MADE IN USA  लेखेको म्याग्जिन सहितको पेस्तोल थान १ लगायतका सामानहरू समेत लुकाई छिपाई राखेको अवस्थामा फेला परेको खानतलासी वरामदी मुचुल्कामा यी प्रतिवादीहरू ङानुर्वु शेर्पा, प्रमला कुमारी कार्की, सुनमाया वि.क. र धनबहादुर तामाङ समेतले सहीछाप गरेको देखियो ।

२४. प्रतिवादी धन बहादुर तामाङ्गले अनुसन्धानका क्रममा *आफु नेपाल आर्मीमा जागिर खाई पेन्सनमा रिटायर्ड व्यक्ति भएको, प्रमिला कार्की आँफुसंगै म्यानपावरमा काम गर्ने साथी भएको, अर्का भेट्न आउने साथी अनिषले चाइनाबाट ६० किलो सुन लुटी*

*बाँड्ने योजना पुरा गर्न पेस्तोल चाहियो भनेको र प्रमिलाले आफ्नो साथी सुनमाया वि.क.को मामा पर्ने नवाङ्ग नुर्बु शेर्पाको साथी डाइमण्डसँग हतियार र गोली छ भने पछि तीन लाख दिने सहमती भई उक्त हतियार र गोली आफुहरूले एक आपसमा बाँडी बोकी अनिषलाई पर्खीबसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले शरीर खानतलासी गर्दा फेला पारी वरामद गरेको* भनी कसुरमा सावित रही वयान गरी यस कार्यालयमा *आफुसँग हतियार राख्ने इजाजत नभएको, वरामदी मुचुल्काको सहीछाप आफ्नै भएको, आफुबाट म्यागिजन थान १ र गोली राउण्ड ३ वरामद नभएको, सो कुरा पूर्णत: झुट्ठा भएको, प्रहरीले आफुलाई पढ्न लेख्न नदिई मुचुल्कामा सहीछाप गराएका, आफुलाई प्रहरीले ऐ. मितिमा आफ्नै घर स्वयम्भुबाट पक्राउ गरेको, अनुसन्धानका क्रममा भएको वयान पढ्न लेख्न नदिई जवरजस्ती सहीछाप गराएका* भनी कसुरमा इन्कार रही वयान गरेका देखियो ।

२५. प्रतिवादी प्रमिला कार्कीले अनुसन्धानका क्रममा *धनबहादुर तामाङ्ग आफुसंगै म्यानपावरमा काम गर्ने साथी भएका, उसको साथी अनिष श्रेष्ठ पनि उसलाई भेट्न आउने क्रममा चाइनाबाट ६० किलो सुन आउन लागेकोले लुटी बाँड्ने सहमती भएको, सोको लागि पेस्तोल चाहिने भएकाले सुनमाया वि.क.को मामा पर्ने नवाङ्ग नुर्बु शेर्पाको साथी डाइमण्डसँग हतियार र गोली भएको आफुले बताएको, तीन लाखमा हतियार लिने दिने सहमती भई उक्त हतियार र गोली लिई एक आपसमा बाँडी बोकी अनिषलाई पर्खी बसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले शरीर खानतलासी गर्दा फेला पारी आफुहरूको साथबाट पेस्तोल तथा गोलीहरू वरामद गरेको* भनी कसुरमा सावित रही यस कार्यालयमा *आफुसँग हतियार राख्ने इजाजत-पत्र नभएको, वरामदी मुचुल्काको व्यहोरा झुट्ठा भएको, प्रहरीले जवरजस्ती डर त्रासमा पारी सहीछाप गराएको, आफ्नो साथबाट वरामदी सामानहरूमध्ये एक थान घडी र रू ५०,३००।- मात्र वरामद भएको, पक्राउ परेका नवाङ नुर्वु भन्ने डानुर्वु शेर्पा र अर्का प्रतिवादी जुनाकुमारीलाई आफुले नचिनेको, आफ्नो साथबाट कुनै हातहतियार खरखजाना वरामद नभएको, वरामदी मुचुल्कामा प्रहरीले जवरजस्ती डर त्रास धाक धम्की दिई सहीछाप गराएको, दस्तखत र ल्याप्चेसम्म आफ्नै भएको* भनी कसुरमा इन्कारी वयान गरेको देखियो ।

२६. प्रतिवादी सुनमाया वि.क.ले अनुसन्धानका क्रममा वयान गर्दा *आफ्नी साथी प्रमिला कार्कीका साथी  अनिष श्रेष्ठले चाइनाबाट अउन लागेको ६० किलो सुन लुटी बाँड्ने भनी योजना बनाए अनुरूप सो प्रयोजनका लागि पेस्तोल चाहियो भनेको र प्रमिलाले आफुलाई सो कुरा गरी आफुले पहिला देखि नै माइजु भन्ने गरेकी जुनाकुमारी शाहीसँग सो कुरा गरेको र जुना कुमारी शाहीले डाइमण्डसँग हतियार भएको बताएकी, तीन लाख दिने सहमतीमा निजको पति नवाङ्ग नुर्वु शेर्पाले डायमण्डसँग हतियार र गोली लिएको, उक्त पेस्तोल र गोलीहरू आफुहरूले एक आपसमा बाँडी बोकी अनिषलाई पर्खी बसेको अवस्थामा ग्रेस रेष्टुरेण्ट अगाडिबाट प्रहरीले आफुहरूको शरीर खानतलासी गर्दा फेला पारी वरामद गरेको* भनी कसुरमा सावित रही यस कार्यालयमा *वरामदी मुचुल्कामा भएको दस्तखत सहीछापसम्म आफ्नै भएको तर व्यहोरा प्रहरीले सुन्न पढ्न नदिई जवरजस्ती सहीछाप गराएका, आफुबाट कुनै हातहतियार खरखजाना वरामद नभइ सुनको १ थान सिक्री र रू ११००।- सम्म वरामद भएको, प्रतिवादीहरूमध्येका नवाङ नुर्व भन्ने ङानुर्व शेर्पा र जुनाकुमारी शाही आफ्नो मामा माइजु नाताका भएका, प्रमिला र आफु एकै घरमा डेरा गरी बस्ने भएकोले निजसँग चिनजान भएको, आफुले कुनै अवैध हतियार खरखजाना नबोकेकाले निर्दोष रहेको* भनी कसुरमा इन्कार रही वयान गरेको देखियो ।

२७. प्रतिवादी नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पाले अनुसन्धानको क्रममा वयान गर्दा *८/९ महिना अगाडि देखि चिनजान भएकी सुनमाया वि क ले आफुलाई मामा भनी बोलाउने र आउने जाने भई रहेको, मिति २०७०।१२।२० गते सुनमाया वि. क. ले श्रीमती जुनाकुमारी शाहीको मोवाइल नं. ९८०३९६११०९ मा फोन गरी आफुलाई खोजेकी  र के काम छ भनी श्रीमतीले भन्दा एक जनाको पैसा उठाउनु परेको, तर्साउन पेस्तोल चाहिएकोले खोजी दिन अनुरोध गरेकी, श्रीमतीले आफुलाई सो कुरा बताएकी, श्रीमतीले डाइमण्ड भन्नेसँग हतियार भएको कुरा आफुलाई बताएकी, सुनमायाले पटक/पटक फोन गरी जसरी पनि खोज्नु पर्‍यो भनेकाले ऐं २१ गते जोरपाटी आराधना हल अगाडि सडकमा डाइमण्ड भन्ने श्रवण उप्रेतीलाई भेटी कुराकानी हुदा निज बाहिर जाने जानकारी गराई आफुसँग हतियार गोली भएको,  श्रीमती जुनाकुमारी शाहीसँग कुरा*

*भई ३ लाखमा दिने सहमती भएको भनेपछि श्रीमती जुना कुमारीले सबैकुरा सुन मायालाई फोन गरी वताएकी, ऐं.२८ गते सुनमायाले हतियार लिन आउदैछन्, हतियार ल्याई दिनु भनेकाले आफुले डाइमण्डको मोवाइलमा फोन गरी निजलाई भेटी पेस्तोल थान १ र गोली राउण्ड ९ बोकेर सुकेधारामा जाँदा धनबहादुर तामाङ, प्रमिला कार्की र सुनमाया वि क सँग भेट भई एकै जनाले बोक्दा अप्ठ्यारो पर्न सक्छ भनी धनबहादुर तामाङले खुलाए बमोजिमकै बाडफाँड गरी बोकी वौद्ध स्थित ग्रेस रेष्टुरेन्ट अगाडि सडकमा हतियार लिन आउने अनिषलाई पर्खी बसेको अवस्थामा प्रहरी टोलीले फेला पारी खानतलासी गरी लुकाई छिपाई राखेको हतियार र खजाना समेत वरामद गरेको हो* भनी कसुरमा सावित रही यस कार्यालयमा वयान गर्दा *वरामदी मुचुल्कामा प्रहरीले डर त्रास देखाई जवर्जस्ती सहीछाप गराएको, २०७०।१२।२८ गते राती ८.०० बजे खाना खाई रहेको अवस्थामा घर कोठाबाट पक्राउ गरेको, पेस्तोल र गोली वरामद भएको कुरा झुट्ठा भएको, अनुसन्धान अधिकृत समक्ष गरेको वयान डर त्रासमा पारी गराइएको हो* भनी कसुरमा इन्कार रही वयान गरेको देखियो ।

२८. प्रतिवादी धनबहादुर तामाङका साक्षी सागर तामाङले *धनबहादुर तामाङ निर्दोष छन्* भनी वकपत्र गरेका । प्रतिवादी प्रमिला कार्कीका साक्षी राकेशकुमार कार्कीले *प्रमिला कार्की मेनपावरमा काम गर्थिन् । आपराधिक काममा नलागेकी निर्दोष व्यक्ति हुन्* भनी वकपत्र गरेका । प्रतिवादी सुनमाया वि क का साक्षी सहदेवकुमार खड्काले *सुनमाया मेरो घर नजिक डेरा गरी बस्ने व्युटि पार्लरमा काम गर्ने निर्दोष व्यक्ति हुन्* भनी वकपत्र गरेका तथा प्रतिवादी नवाङ नुर्वु भन्ने डानुर्वु शेर्पाका साक्षी वौद्ध तामाङले *प्रतिवादी नवाङ नुर्वु भन्ने डानुर्वु शेर्पाबाट कुनै हतियार खरखजाना वरामद भएको होइन । निजलाई खाना खाई रहेको वेलामा सोधपुछ गर्न सशस्त्र प्रहरीले लगेका हुन्, निजलाई सजाय हुनु पर्ने होइन* भनी वकपत्र गरेको देखिन्छ । वरामदी खानतलासी मुचुल्काको काम तामेल गर्ने प्रहरी कर्मचारी तथा प्रतिवेदक प्र.ना.नि. शिव गिरीले यस कार्यालयमा उपस्थित भई वरामदी मुचुल्कामा भए बमोजिम प्रतिवादीहरूबाट हातहतियार खरखजाना वरामद भएको र वरामदी मुचुल्काको व्यहोरा तथा सही छाप ठीक साँचो भएको खानतलाशी वरामदी मुचुल्कालाई पुष्टी गरेको देखिन्छ ।

२९. वरामद भएका चिजवस्तु Local Made पेस्तोल, कार्टिज र गोलीहरू हुन् भन्ने हतियार परीक्षण प्रतिवेदन मिसिलमा रहेबाट उक्त चिज वस्तुहरू हातहतियार खरखजाना भएको तथ्यमा कुनै विवाद भएन ।

३०. पेश गरिएका प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा सबै जनाले कसुरमा सावित रही यस कार्यालयमा इन्कार रहेका छन् । प्रत्येक प्रतिवादीले खानतलाशी वरामदी मुचुल्का र अनुसन्धानको क्रममा भएको वयान प्रहरीले शारिरिक र मानसिक यातना दिई पढ्न नदिई सहीछाप गराएको भनी जिकिर लिएका छन् । **प्रहरीले प्रतिवादीलाई कुटपीट गरी बयान गराएको भन्ने कुरा पुष्टि हुने प्रमाणबाट नदेखिएको अवस्थामा अदालतमा बयान गर्दा प्रहरीले कुटपीट गरी यातना दिएको भन्ने अपुष्ट भनाइको आधारमा सरकारी वकिल समक्ष गरेको प्रतिवादीको बयानलाई अन्यथा भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ । (ने.का.प. २०६५, अंक-३, पृ. ३२६) । अनुसन्धानका क्रममा अधिकारी प्राप्त अधिकारी समक्ष गरेको वयान प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९ मा स्पष्ट व्यवस्था गरिएको छ जस अनुसार ऐ दफा ९. **पक्षले व्यक्त गरेको कुरा : (१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि : (क) फौज्दारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्वन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहाय बमोजिम ठहराएमा प्रमाण लिन हुन्छ :**

**(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो ।**

**(२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन ।**

**(३) सो अभियोग बारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाईको सम्वन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रूपमा विश्वास गरेको थियो ।**

३१. तसर्थ, अनुसन्धानको क्रममा वयान गर्दा अभियुक्तहरू सचेत अवस्थामा र आफूहरूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा नरहेका वा निजहरूलाई बाध्य गरी वा निजहरू वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको वा कुनै डरत्रास, धाकधम्की, प्रलोभन दिइएको भन्ने कुनै प्रमाण मिसिलमा नदेखिदा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अनुसन्धानका क्रममा भएको प्रतिवादीहरूको साविती वयानलाई निजहरूकै विरूद्ध प्रमाण लिन मिल्ने नै देखियो । जहाँसम्म प्रतिवादीहरूले यस कार्यालयमा गरेको इन्कारी वयान छ, इन्कारी वयान गर्नु मात्र निर्दोषिताको आधार बन्न सक्दैन । सो इन्कारीलाई समर्थन गर्ने सबुत प्रमाणले मात्र फैसलाका लागि निर्णायक भूमीका खेल्दछ । सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट अर्को मुद्दामा निम्नानुसार बोलिएको छ :- **अदालत समक्ष इन्कार रहँदैमा सफाई पाउने भन्ने हुदैन । अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरू छन् भने ती तथ्यहरूलाई घटनाको समग्रतासँग जोडेर हेर्नु पर्ने । (नेपाल सरकार वि. अजय राइ समेत, क.ज्या. नि.नं. ८११५, ने.का.प. २०६६ श्रावण, पृ. ५४९) । त्यसै गरी सजाँयमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको नै हुने** व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २७ मा गरिएको छ ।

३२. प्रतिवादीका साक्षीले यस कार्यालयमा आई प्रतिवादीहरू निर्दोष रहेको भनी वकपत्र गरेता पनि निजहरूले खानतलाशी एवं वरामद हुदाको अवस्था प्रत्यक्ष देखे जानेको नभई सुनी थाह पाएको भनी खुलाएका छन् । **तथ्यगत परिस्थितिले प्रतिवादीहरूको घटनामा संलग्नता देखाई सकेको अवस्थामा त्यसको विपरित साक्षीले गरेको बकपत्र सत्य कुरामा आधारित नदेखिएको अवस्थामा कसुरदारले सफाई पाउन नसक्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट अर्को नजिर प्रतिपादन भएको छ (उमेश गुरूङ वि. नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान/ज्या.मा.उ., ने.का.प. २०६८ फाल्गुन, पृ. १८४०, नि.नं. ८७१७, मितिः २०६८।४।२५) । तसर्थ उल्लेखित वकपत्र कथनहरू Hearsay Evidence भएकाले प्रामाणिक महत्व राख्न सक्दैनन् । अर्कोतर्फ वादी पक्षका साक्षी

प्रतिवेदक प्रहरी यस कार्यालयमा उपस्थित भई वरामदी खानतलाशी मुचुल्का आफु समेतले तयार गरेको र लेखिएको व्यहोरा ठीक साँचो भएको भनी गरेको वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रतिवादीहरूका विरूद्ध प्रमाण लाग्छ । त्यस कारण, खानतलाशी वरामदी मुचुल्का र प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको वयानले नै प्रामाणिक महत्व राख्दछ । प्रतिवादीहरूले आफुहरूबाट हातहतियार खरखजाना वरामद नभएकाले सफाई पाँउ भनी लिएको जिकिरलाई खण्डन गर्ने गरी निजहरूबाट वरामद भएको पेस्तोल, म्याग्जिन र गोली परीक्षण भई प्रतिवेदन सहित यस कार्यालयमा प्राप्त भएको छ । प्रतिवादी प्रमिलाले जुना कुमारी र नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पालाई नचिनेको भनी जिकिर लिएता पनि निजको साथबाट जुना कुमारी शाहीको नामको राहदानी वरामद भई दशीको रूपमा अभियोग पत्रसाथ यस कार्यालयमा पेश भएबाट निजको जिकिर पनि विश्वसनीय देखिएन । निजहरूको जिकिरलाई समर्थन गर्ने कुनै विश्वसनीय प्रमाण मिसिलमा देखिंदैन । अतः प्रतिवादीहरूले आफुहरूको साथबाट कुनै हातहतियार खरखजाना वरामद नभएको भनी लिएको जिकिर स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन सक्दैन ।

३३. माथि गरिएको विवेचना, कानुनी प्रावधानहरू तथा नजिरहरूका आधारमा मिति २०७०/१२/२८ गते काठमाण्डौं जिल्ला, का.म.न.पा. ६ वौद्ध स्थित सडकमा धनबहादुर तामाङ्गको साथबाट पेस्तोलको म्यग्जिन थान १, 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड ३, प्रमिला कार्कीको साथबाट 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २, सुनमाया वि.क. को साथबाट 7.65 KF लेखेको पेस्तोलमा प्रयोग हुने गोली राउण्ड २ र नवाङ्ग नुर्वु भन्ने ङानुर्वु शेर्पाको साथबाट MADE IN USA लेखेको म्याग्जिन सहितको पेस्तोल थान १ वरामद भएको तथ्य स्थापित हुन आयो । अब उल्लेखित हातहतियार खरखजानाहरू राख्ने बोक्ने कार्यमा को कसको कस्तो संलग्नता छ भन्ने सम्बन्धमा विश्लेषण गर्दा प्रमिला कार्की र धन बहादुर तामाङ्ग म्यानपावरमा काम गर्ने साथी, धन बहादुरका अर्का साथी अनिषले धन बहादुर र प्रमिलासँग सल्लाह गरी चाइनाबाट आउने भनिएको ६० किलो सुन लुटी बाँड्ने योजना बनाएका, सो योजना पुरा गर्न पेस्तोल चाहियो भने बमोजिम प्रमिलाले आफ्नो साथी सुनमाया वि.क. लाई योजना बारे जानकारी गराई पेस्तोल खोज्न अनुरोध गरेको, सुनमायाले नवाङ

नुर्वु भन्ने ङानुर्वु शेर्पाको श्रीमती जुना कुमारी शाहीसँग कुरा गरेको, जुना कुमारीले डायमण्ड भन्ने व्यक्तिसँग रू. ३ लाखमा हतियार खरिद गर्ने सहमती गरेको र नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पाले डायमण्ड भन्नेसँग पेस्तोल र गोली लिई धन बहादुर, प्रमिला, सुनमाया, नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पाले बाँडेर बोकी अनिष भन्ने व्यक्तिलाई दिन पर्खी बसेको अवस्थामा पक्राउमा परी निजहरूको साथबाट पेस्तोल, म्यागिजन र गोलीहरू वरामद भएको पुष्टि हुन आयो । प्रतिवादीहरूले डायमण्ड भन्ने व्यक्तिसँग हतियार लिई अनिषलाई बुझाउदा बीचमा कमिसन खाने तथा सो हतियार प्रयोग गरी सुन लुटी सो को पनि कमिसन खाने प्रलोभनमा परेका तर योजना पुरा हुन नपाउदै पक्राउमा परेको देखिन्छ ।

३४. अब अभियोग दावी लिइएको हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) लाई हेर्दा ऐ ३ (२) मा *लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मरम्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिन, राख्न समेत हुँदैन* । ऐ दफा ५ (१) मा *कुनै व्यक्तिले लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही हातहतियार लिएर हिड्न हुँदैन* भन्ने व्यवस्था भएको पाइन्छ । प्रतिवादीहरूसँग हातहतियार खरखजाना राख्ने इजाजत पत्र नभएको भनी निजहरूकै वयानबाट खुलेको छ । तसर्थ, धन बहादुर तामाङ्ग, प्रमिला कार्की, सुनमाया वि.क. र नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पाको कार्य उल्लेखित कानुनी प्रावधान विपरितको देखिएको हुदाँ यी प्रतिवादीहरूले अभियोग दावी बमोजिम कसुर गरेको ठहर्छ ।

३५. प्रतिवादी जुना कुमारी शाहीको हकमा विचार गर्दा निज प्रतिवादी तत्काल फरार रही निजका नाउमा यस कार्यालयबाट जारी भएको म्याद मिति २०७१।६।१ मा निजकी एकाघरकी सासु लेन्जी शेर्पाले बुझी तामेल भइ आएको । उक्त म्याद मलुकी ऐन अ.बं. ११० नं. बमोजिम स्थानीय निकायको प्रतिनिधि रोहवरमा नराखी तामेल भई बेरीतको देखिएकाले सो म्याद बदर गरी पुनः म्याद जारी गर्दा सार्वजनिक स्थानमा टाँस भई तामेल भई आएकोमा निज प्रतिवादी उपस्थित नभइ शुरू म्याद नै गुजारी बसेको

देखिन्छ । प्राकृतिक न्यायको सिद्धान्त अनुरूप अभियुक्तलाई स्वच्छ सुनुवाईको मौका प्रदान गर्नु पर्दछ । *प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारवाहीको जानकारी पाउने तथा सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने* कुरालाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूती गरिएको छ । सो सिद्धान्त एवं हकलाई व्यावहारिक रूप प्रदान गर्न पर्याप्त कानुनी आधारशीलाहरू तयार पारिएका छन् । सोही कानुनी आधारशीलाहरूका आधारमा नै अभियुक्तलाई आफु विरूद्धको कारवाहीको जानकारी र प्रतिवाद गर्ने पर्याप्त मौका सहितको म्याद जारी गरिएको हुन्छ । तर आफ्नो हक अधिकार प्रति सचेत नहुने वा न्यायिक प्रकृयामा अदालतलाई सहयोग नगर्ने वा आफ्नो कर्तव्य पुरा नगर्ने वा प्रतिवाद नगरी चुप लागेर बस्ने व्यक्तिलाई अदालत वा न्यायले पनि सहयोग गर्न सक्दैन । यस मुद्दामा प्रतिवादी जुना कुमारी शाहीका श्रीमान् नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पा पनि प्रतिवादी भई थुनामा बसेका छन्, निजकी एकाघरकी सासुले म्याद बुझेकी छन्, पुनः जारी भएको म्याद निजहरूले बसोबास गरेको डेरा कोठा छाडेका कारण सार्वजनिक स्थानमा टाँस भइ आएको देखिन्छ । आफ्नो श्रीमान् नै थुनामा रहेको र सासुले म्याद बुझेको अवस्थामा जुना कुमारी शाहीलाइ आफु विरूद्धको कारवाही बारे जानकारी भएन वा निजलाई प्रतिवादको मौकाबाट वञ्चित गरियो भनी विश्वास गर्न सकिंदैन । सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट **म्याद तामेली प्रक्रियालाई निरपेक्ष एवं यान्त्रिक प्रक्रियाको रुपमा नभई सम्बन्धित व्यक्तिलाई आफ्नो विरूद्ध लगाइएको अभियोग वा दावीको विषयमा यथासमयमा सूचित गराई प्रतिवाद गर्न मौका पाउने अधिकारलाई व्यवहारतः सार्थक तुल्याउने एक गतिशील प्रक्रियाको रुपमा स्वीकार गरेकोले म्याद तामेली प्रक्रियाको उद्देश्य सम्बन्धित व्यक्तिउपर लागेको अभियोग वा निजउपर परेको अन्य कुनै दावीको विषयमा यथासमयमै सुसूचित गराई आफ्नो प्रतिरक्षा गर्न पर्याप्त मौका प्रदान गर्नुपर्ने । म्याद तामेली सम्बन्धमा यान्त्रिक नियम लागू भयो भएन भन्ने कुरा महत्वको विषय नभई सम्बन्धित व्यक्तिले त्यस्तो सूचना यथासमयमा प्राप्त गर्‍यो गरेन भन्ने कुरा महत्वपूर्ण हुने** भनी नजिर समेत प्रतिपादन भएको छ (ने.का.प. २०६९ फाल्गुन पृ. १६३२ निर्णय नं. ८९१२, मितिः २०६९।६।२८।१) । तसर्थ, अन्य प्रतिवादीहरूको वयान लगायत मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा जुना कुमारी शाहीले सुनमाया वि.क. ले फोन गरे पछि डायमण्ड भन्ने व्यक्तिसँग पेस्तोल र गोलीको खरिद बिक्रि सहमती गरी आर्थिक प्रलोभनमा परी

प्रतिवादीहरूलाई हातहतियार खरखजाना उपलब्ध गराउने कार्यमा मध्यस्थकर्ताको भूमीका निर्वाह गरेको पुष्टि हुन आयो । निजको सो कार्यबाट निज प्रतिवादी जुना कुमारी शाही स्पष्ट रूपमा कसुरमा संलग्न रहेको पुष्टि हुन आएकाले निजले समेत हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) विपरितको कसुर अपराध गरेको ठहर्छ ।

३६. प्रतिवादीहरू कसुरदार ठहर भइ सकेकाले सजाय तर्फ विचार गर्दा नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पाबाट पेस्तोल-१, र गोली राउण्ड-२, धनबहादुर तामाङको साथबाट म्याग्जिन-१ र गोली राउण्ड-३, प्रमिला कार्की र सुनमाया वि क को साथबाट जनही २/२ राउण्ड गोली वरामद भएको तथा उल्लेखित हातहतियार खरखजानाको श्रोत भनिएका डाइमण्ड भन्ने व्यक्तिको यकिन पहिचान स्थापित नभएकाले हतियारको श्रोत नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पा र निजको श्रीमती जुनाकुमारी शाही भई निजहरू नै मूख्य अभियुक्त (Principal Offender) देखिन आए । निजहरूले विना इजाजत हातहतियार खरखजाना आफुसाथ राखी आपूर्ति गरेको पुष्टि हुनुका साथै जुनाकुमारी शाहीले यस कार्यालयबाट तामेल भएको म्यादमा उपस्थित नभई न्याय प्रकृयालाई असहयोग गरेको देखिदा निज प्रतिवादीहरू नवाङ नुर्वु भन्ने ङानुर्वु शेर्पा र जुनाकुमारी शाहीलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम जनही ३(तीन) वर्ष कैद र ऐ. दफा २०(३) बमोजिम जनही रू ३०,०००।- (तीस हजार रूपैयाँ) जरिवाना गरी जम्मा जनही ३ (तीन) वर्ष कैद र रू ३०,०००।-(तीस हजार रूपैयाँ) जरिवाना हुन्छ । अन्य प्रतिवादीहरू धनबहादुर तामाङ, प्रमिला कार्की र सुनमाया वि क आपराधिक मिलोमतो र योजनामा संलग्न भई निजहरूको साथबाट खरखजाना वरामद भएको तर निजहरूको सुन लुट्ने योजना पुरा नभई आपराधिक कार्यबाट कुनै फाइदा प्राप्त गरेको भने देखिएन । साथै सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त **कसूर स्थापित भएको अवस्थामा आपराधिक कृयाकलापमा निजको संलग्नताको मात्रा र त्यसबाट प्राप्त गरेको लाभ समेतलाई आधार बनाई सजाय निश्चित गर्नु पर्ने** (ने.का.प. २०६७, कार्तिक, पृष्ठ ११९६) तथा निजहरू पटके वा पेशेवर अपराधी नदेखिएको आधारमा यी प्रतिवादीहरू धनबहादुर तामाङ, प्रमिला कार्की र सुनमाया वि क लाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम जनही रू ९०,०००।-( नब्बे हजार रूपैयाँ ) र ऐ.दफा २०(३) बमोजिम जनही रू ३०,०००।-(तीस हजार रूपैयाँ) गरी जम्मा

जनही रू १,२०,०००।- (एक लाख बीस हजार रूपैयाँ) जरिवाना हुन्छ । प्रतिवादी प्रमिला कार्कीको साथबाट वरामद भएको रकम रू ५१,४००।-(एकाउन्न हजार चार सय रूपैयाँ), घडी र सुनमायाको साथबाट वरामद भएको सुनको जस्तो देखिने सिक्री थान-१, राहदानी लगायतका व्यक्तिगत पहिचानका अन्य कागजातहरू र हातहतियार खरखजाना बीच सम्वन्ध स्थापित नभएकाले सो रकम, घडी, सिक्री र राहदानी सम्बन्धित प्रतिवादीले फिर्ता पाउने ठहर्छ । वरामद भई अभियोग-पत्रसाथ पेश भएका मोवाइल, सिमकार्ड, पेस्तोल, गोली तथा म्यागिजन ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अरूमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादी नवाङ नुर्बु भन्ने ङानुर्बु शेर्पा के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई ३ (तीन) वर्ष कैद र रू. ३०,०००/-(तीस हजार रूपैयाँ) जरिवाना हुने ठहरेकोले निज मिति २०७०।१२।२८ मा पक्राउमा परी हालसम्म थुनामा रहेको देखिंदा ठहरेको जरिवाना दाखिला गरे मिति २०७३।१२।२७ मा कैदमुक्त हुने तथा जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाँयको महलको ३८ को देहाय २ बमोजिम थप १ बर्ष ६ महिना अर्थात् मिति २०७४।६।२७ सम्म कैदमा बस्ने गरी निजलाई कैदी पूर्जी दिनु ............................................१
- प्रतिवादी जुनाकुमारी शाही के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई ३ (तीन) वर्ष कैद र रू. ३०,०००/-( तीस हजार रूपैयाँ ) जरिवाना हुने ठहरेकोमा बेरूजु देखिंदा लगत कसी असुल गर्नु....................................२
- प्रतिवादीहरू धनबहादुर तामाङ, प्रमिला कार्की र सुनमाया वि क के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरूलाई जनही रू १,२०,०००।- (एक लाख बीस हजार रूपैयाँ) जरिवाना हुने ठहरेकाले निजहरू मिति २०७०।१२।२८ मा पक्राउमा परी हालसम्म थुनामा रहेको देखिंदा ठहरेको जरिवाना अ.वं.१२० तथा दण्डसजायको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न सम्बन्धित कारागारमा लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाय महलको ३८ को देहाय २ बमोजिम जनही ४ (चार) बर्ष अर्थात् मिति २०७४।१२।२७ सम्म कैदमा बस्ने गरी कैदी पूर्जी दिनु..............................३

- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरू नवाङ नुर्वु भन्ने डानुर्वु शेर्पा, धनबहादुर तामाङ, प्रमिला कार्की र सुनमाया वि क. लाई पुनरावेदन म्याद दिनु....४
- शुरू म्यादै गुजारी बस्ने प्रतिवादी जुना कुमारी शाहीलाई मू.ऐ. अ.बं. २०८ नं. बमोजिम पुनरावेदन म्याद दिइ रहन परेन............................................५
- वरामद भई दशीको रूपमा अभियोग पत्रसाथ पेश भएको प्रमिला कार्कीको साथबाट वरामद भएको नगद रू ५१४००।-, राहदानी, घडी र सिक्री लगायतका व्यक्तिगत सामान फिर्ता पाउँ भनी सम्वन्धित प्रतिवादीले निवेदन दिए फिर्ता दिनु...........................................................................६
- वरामद पेस्तोल, गोली, म्यागिजन जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु...............................................................................७
- वरामद मोबाइल, सीमकार्डहरू जफत हुने ठहरेकाले प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुरावेदन म्याद गुज्रेपछि नियमानुसार गर्नु..................८
- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंलाई प्रस्तुत फैसलाको जानकारी दिनु.....................................................................................९
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए नियमानुसार नक्कल दिनू..................................................१०
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ................................................................................११

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

ईति सम्वत् २०७२ साल भाद्र २५ गते रोज ६ शुभम् ......................